# भाग ४

## श्री ५ को सरकार
## मन्त्रिपरिषद् सचिवालयको

### सूचना १

श्री ५ को सरकारले मिति २०४८।३।१० को निर्णयानुसार सामान्य प्रशासन मन्त्रालय अतिरिक्त समूहका राजपत्रांकित विशिष्ट श्रेणी श्री मुक्तिप्रसाद काफ्लेलाई निजामती सेवा नियमावली, २०२१ को नियम ७.१ (३) बमोजिम सरकारी नोकरीबाट अवकाश दिएको छ ।

### सूचना २

निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले शिक्षा तथा संस्कृति मन्त्रालयको सचिव पदमा सोही मन्त्रालयका अतिरिक्त सचिव (प्रा.) श्री ईश्वरप्रसाद उपाध्यायलाई मिति २०४८।३।१० देखि कायम मुकायम मुकरर गरेको छ ।

### सूचना ३

निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले जलस्रोत मन्त्रालयका का.मु. सचिव श्री भुवनेशकुमार प्रधानलाई राष्ट्रिय योजना आयोगका सह-सदस्य सचिव पदमा मिति २०४८।३।१० देखि कायम मुकायम मुकरर गरेको छ ।

### सूचना ४

निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले राष्ट्रिय योजना आयोगका का.मु. सह-सदस्य सचिव श्री श्यामप्रसाद अधिकारीलाई जलस्रोत मन्त्रालयको सचिव पदमा मिति २०४८।३।१० देखि कायम मुकायम मुकरर गरेको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९६४

## सूचना ५

निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले शिक्षा तथा संस्कृति मन्त्रालयका का.मु. सचिव श्री रमेशजंग थापालाई रक्षा मन्त्रालयको सचिव पदमा मिति २०४८।३।१० देखि कायम मुकायम मुकरर गरेको छ ।

## सूचना ६

निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले कृषि मन्त्रालयका रा. प. प्रथम श्रेणी (प्रा.) श्री विन्देश्वरीप्रसाद सिन्हालाई सोही मन्त्रालयको सचिव पदमा मिति २०४८।३।१० देखि कायम मुकायम मुकरर गरेको छ ।

## सूचना ७

निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले मन्त्रिपरिषद् सचिवालय, प्रधानमन्त्रीको कार्यालयका का. मु. सचिव श्री देवेन्द्रबहादुर प्रधानलाई आपूर्ति मन्त्रालयको सचिव पदमा मिति २०४८।३।१० देखि कायम मुकायम मुकरर गरेको छ ।

## सूचना ८

निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले भूमिसुधार तथा व्यवस्था मन्त्रालयका अतिरिक्त सचिव श्री सूर्यनाथ सुवेदीलाई मन्त्रिपरिषद् सचिवालयको सचिव पदमा मिति २०४८।३।१० देखि कायम मुकायम मुकरर गरेको छ ।

## सूचना ९

निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले आपूर्ति मन्त्रालयका का. मु. सचिव श्री दुर्गाप्रकाश पाण्डेलाई वाणिज्य मन्त्रालयको सचिव पदमा कायम मुकायम मुकरर गरेको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना १०

श्री ५ को सरकारले मिति २०४८।३।१० को निर्णयानुसार रक्षा मन्त्रालयका सचिव श्री मुकुन्दशम्सेर थापालाई स्वास्थ्य मन्त्रालयको सचिव पदमा सरुवा गरेको छ ।

## सूचना ११

श्री ५ को सरकारले मिति २०४८।३।१० को निर्णयानुसार कृषि मन्त्रालयका का.मु. सचिव श्री हेरम्बबहादुर राजभण्डारीलाई सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूहको अतिरिक्त सचिव सरहको पदमा सरुवा गरेको छ ।

## सूचना १२

श्री ५ को सरकारले मिति २०४८।३।१० को निर्णयानुसार निर्माण तथा यातायात मन्त्रालयका का.मु.सचिव श्री पृथुनरसिंह राणालाई सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूहको अतिरिक्त सचिव सरहको पदमा सरुवा गरेको छ।

आज्ञाले,
दामोदरप्रसाद गौतम
श्री ५ को सरकारको मुख्य सचिव

## संसद सचिवालयको सूचना

काठमाडौं जिल्लाको निर्वाचन क्षेत्र नं १ र ५ बाट प्रतिनिधि सभाको सदस्यमा निर्वाचित मा. श्री मदनकुमार भण्डारीले मिति २०४८।३।२५ मा प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०४७ को दफा ३० को उपदफा (१) बमोजिम काठमाडौं जिल्लाको निर्वाचन क्षेत्र नं.५ को प्रतिनिधि सभाको सदस्यता त्याग गन गरी राजीनामा दिनु भएकोले नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ४९ को खण्ड (ख) बमोजिम प्रतिनिधि सभाको सदस्यको स्थान एक रिक्त हुन आएको छ ।

आज्ञाले,
जीवनलाल सत्याल
संसदको महासचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।